लोक सेवा आयोग

# सूचना-पत्र

**BULLETIN**

साप्ताहिक
(बुधवार प्रकाशित हुने)

| वर्ष ३८ | २०७७ फागुन १२ गते | अंक ३२ |
|---|---|---|
| YEAR 38 | 24 FEBRUARY 2021 | NO. 32 |


## विषयसूची


पृष्ठ

१. विज्ञापन रद्द गरिएको सूचना २

२. दरखास्त संकलन कार्य सूचारु गरिएको सूचना २

३. राजपत्र अनंकित प्रथम श्रेणीका पदहरुको पद संख्या संशोधन तथा विज्ञापन रद्द गरिएको सूचना २-३

४. नेपाल परराष्ट्र सेवा र नेपाल इञ्जिनियरिङ्ग सेवाका रा.प. प्रथम र द्वितीय श्रेणीका पदहरुमा बढुवा, आ.प्र., खुला तथा समावेशी प्रतियोगिताको विज्ञापन ३-४


**उम्मेदवारहरुलाई विशेष जानकारी :** लोक सेवा आयोगबाट प्रकाशित विज्ञापनहरुमा psconline.psc.gov.np मा गई दरखास्त दिन सकिन्छ। सम्बन्धित पदको पाठ्यक्रम आयोगको वेबसाइट www.psc.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ।

# लोक सेवा आयोगको सूचनाहरु

## केन्द्रीय कार्यालय केन्द्रीय कार्यालय

### सूचना तथा प्रकाशन शाखा

## विज्ञापन रद्द गरिएको सूचना

**सूचना नं. २१७/०७७-७८**

सम्मानित सर्वोच्च अदालतको आदेश अनुसार नेपाल परराष्ट्र सेवाका रा.प. प्रथम र द्वितीय श्रेणी, नेपाल इञ्जिनियरिङ्ग सेवा सिभिल समूह, इरिगेशन उपसमूहका रा.प. प्रथम श्रेणी तथा नेपाल इञ्जिनियरिङ्ग सेवा, इलेक्ट्रिकल समूह, जनरल इलेक्ट्रिकल उपसमूहका रा.प. द्वितीय श्रेणीका पदहरुको देहायका बढुवा सूचना तथा विज्ञापनहरु आयोगको मिति २०७७।११।०६ को निर्णयबाट रद्द गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | बढुवा सूचना नम्बर/ विज्ञापन नम्बर | सेवा, समूह, उपसमूह | श्रेणी | प्रकार | पदसंख्या |
|---|---|---|---|---|---|
| १. | १/०७७-७८ | परराष्ट्र | रा.प. प्रथम | जेष्ठता र का.स.मु. | २ (दुई) |
| २. | ३८/०७७-७८ | परराष्ट्र | रा.प. प्रथम | कार्यक्षमता मूल्याङ्कन | १ (एक) |
| ३. | ११/०७७-७८ | परराष्ट्र | रा.प. द्वितीय | जेष्ठता र का.स.मु. | १ (एक) |
| ४. | ६७/०७७-७८ | परराष्ट्र | रा.प. द्वितीय | कार्यक्षमता मूल्याङ्कन | १ (एक) |
| ५. | १६६५३/०७७-७८ | परराष्ट्र | रा.प. प्रथम | आ.प्र. | १ (एक) |
| ६. | १६६५८/०७७-७८ | परराष्ट्र | रा.प. प्रथम | मधेसी | १ (एक) |
| ७. | १६६६५/०७७-७८ | परराष्ट्र | रा.प. द्वितीय | आ.प्र. | १ (एक) |
| ८. | ६/०७७-७८ | इञ्जिनियरिङ्ग, सिभिल, इरिगेशन | रा.प. प्रथम | जेष्ठता र का.स.मु. | २ (दुई) |
| ९. | ४४/०७७-७८ | इञ्जिनियरिङ्ग, सिभिल, इरिगेशन | रा.प. प्रथम | कार्यक्षमता मूल्याङ्कन | २ (दुई) |
| १०. | १७१५६/०७७-७८ | इञ्जिनियरिङ्ग, सिभिल, इरिगेशन | रा.प. प्रथम | आ.प्र. | १ (एक) |
| ११. | १७१५७/०७७-७८ | इञ्जिनियरिङ्ग, सिभिल, इरिगेशन | रा.प. प्रथम | खुला | १ (एक) |
| १२. | २१/०७७-७८ | इञ्जिनियरिङ्ग, इलेक्ट्रिकल, जनरल इलेक्ट्रिकल | रा.प. द्वितीय | जेष्ठता र का.स.मु. | १ (एक) |

## दरखास्त संकलन कार्य सूचारु गरिएको सूचना

**सूचना नं. २१८/०७७-७८**

सम्मानित सर्वोच्च अदालतबाट आयोगको नाममा जारी भएका अल्पकालीन अन्तरिम आदेश मध्ये पदपूर्ति प्रक्रिया अगाडि बढाउन बाधा नपर्ने गरी फैसला भएका **रा.प. प्रथम श्रेणीका नेपाल इञ्जिनियरिङ्ग सेवाका विभिन्न समूह तथा उपसमूहहरु र रा.प. द्वितीय श्रेणीका नेपाल शिक्षा सेवा, शिक्षा प्रशासन समूहका पदहरुको** मिति २०७७/६/२८ गते प्रकाशित बढुवा सूचना लगायत आ.प्र., खुला तथा समावेशी प्रतियोगितात्मक विज्ञापनहरुमा मिति २०७७।११।०७ देखि अवधि तोकी दरखास्त लिने गरी आयोगबाट मिति २०७७/११/०६ मा निर्णय भएको छ । दरखास्त सम्बन्धी अन्य शर्तहरु पूर्व प्रकाशित सूचनामा उल्लेख भए बमोजिम हुनेछन् । तोकिएको अवधि भित्र पूर्व निर्धारित विधिबाट दरखास्त दिन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । अनलाइन मार्फत यसपूर्व दरखास्त पेश गरी दरखास्त दस्तुर बुझाउन बाँकी उम्मेदवारहरुले समेत तोकिएको दोब्बर दस्तुर मितिको भोलिपल्टसम्म परीक्षा दस्तुर बुझाइ सक्नु पर्नेछ । उक्त विज्ञापनहरुको परीक्षा कार्यक्रम सम्बन्धी सूचना पछि प्रकाशन गरिनेछ । यस सम्बन्धी विस्तृत विवरण आयोगको वेभसाइटमा प्रकाशित गरिएको छ ।

## राजपत्र अनंकित प्रथम श्रेणीका पदहरुको पद संख्या संशोधन तथा विज्ञापन रद्द गरिएको सूचना

**सूचना नं. २१९/०७७-७८**

आयोगबाट मिति २०७७।९।२९ तथा २०७७।१०।२८ मा प्रकाशित राजपत्र अनंकित प्रथम श्रेणीका प्राविधिक र अप्राविधिक पदहरुको देहायका बढुवा सूचना/विज्ञापनहरुमा देहाय बमोजिम पदसंख्या संशोधन तथा विज्ञापन रद्द गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**(क) पदसंख्या संशोधन गरिएका बढुवा सूचना तथा विज्ञापनहरु**

| क्र.सं. | बढुवा सूचना नं./ विज्ञापन नं. | विज्ञापन गर्ने कार्यालय | पद, सेवा, समूह, उपसमूह | किसिम | विज्ञापित पद संख्या | कायम हुने पदसंख्या |
|---|---|---|---|---|---|---|
| १. | १६६/०७७-७८ | लोक सेवा आयोग, जलेश्वर कार्यालय | नायब सुब्बा, प्रशासन, सा.प्र. | जेष्ठता र का.स.मू. | ४ (चार) | ३ (तीन) |
| २. | ११३०२/०७७-७८ | | नायब सुब्बा, प्रशासन, सा.प्र. | खुला | १७ (सत्र) | १४ (चौध) |
| ३. | ११३०५/०७७-७८ | | नायब सुब्बा, प्रशासन, सा.प्र. | मधेसी | ३ (तीन) | २ (दुई) |
| ४. | ३४७/०७७-७८ | लोक सेवा आयोग, धनकुटा कार्यालय | कम्प्युटर अपरेटर, विविध | जेष्ठता र का.स.मू. | २ (दुई) | १ (एक) |
| ५. | १०१२४/०७७-७८ | | कम्प्युटर अपरेटर, विविध | खुला | १६ (सोह्र) | १५ (पन्ध्र) |
| ६. | ५०९/०७७-७८ | लोक सेवा आयोग, काठमाडौं कार्यालय | सर्भेक्षक, इन्जि., सर्भे | कार्यक्षमताको मूल्याङ्कन | २ (दुई) | १ (एक) |

(ख) रद्द गरिएका विज्ञापनहरु

| क्र.सं. | विज्ञापन नं. | विज्ञापन गर्ने कार्यालय | पद, सेवा, समूह, उपसमूह | किसिम | विज्ञापित पद संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | १०१०४/०७७-७८ | लोक सेवा आयोग, धनकुटा कार्यालय | सब-इन्जिनियर,इन्जि., सिभिल, हाइवे | खुला | ४ (चार) | रद्द गरिएको |
| २. | १०१०५/०७७-७८ | | सब-इन्जिनियर, इन्जि., सिभिल, हाइवे | महिला | १ (एक) | |
| ३. | १०१०६/०७७-७८ | | सब-इन्जिनियर, इन्जि., सिभिल, हाइवे | आ.ज. | १ (एक) | |
| ४. | १०१०७/०७७-७८ | | सब-इन्जिनियर, इन्जि., सिभिल, हाइवे | पि.क्षे. | १ (एक) | |
| ५. | १२०१३/०७७-७८ | लोक सेवा आयोग, काठमाडौं कार्यालय | सब-इन्जिनियर, इन्जि., इले., ज.इले. | खुला | १ (एक) | |

## नेपाल परराष्ट्र सेवा र नेपाल इञ्जिनियरिङ्ग सेवाका रा.प. प्रथम र द्वितीय श्रेणीका पदहरुमा बढुवा, आ.प्र., खुला तथा समावेशी प्रतियोगिताको विज्ञापन

**सूचना नं. २२०/०७७-७८**

सम्मानित सर्वोच्च अदालतबाट मिति २०७७/१०/१३ मा जारी परमादेशको आदेश अनुसार नेपाल परराष्ट्र सेवा र नेपाल इञ्जिनियरिङ्ग सेवाका देहायका समूह, उपसमूह र श्रेणीका पदहरुमा बढुवा, आ.प्र., खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिएको छ। यस अघि मिति २०७७/०६/२८ मा उक्त सेवा, समूह, उपसमूह र श्रेणीका लागि भएका विज्ञापन तथा बढुवा सूचनाहरु सो अदालतको परमादेशका आधारमा रद्द गरिएको हुनाले पूर्व प्रकाशित आ.प्र. तथा खुला विज्ञापन एवं बढुवा सूचनाहरुमा दरखास्त दिएका उम्मेदवारहरुले समेत पुनः दरखास्त पेश गर्नुपर्नेछ।

| क्र.सं. | बढुवा सूचना नम्बर/ विज्ञापन नम्बर | सेवा, समूह, उपसमूह | श्रेणी | किसिम | पद संख्या |
|---|---|---|---|---|---|
| १. | ५६६/०७७-७८ | परराष्ट्र | रा.प.प्रथम | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा | ३ (तीन) |
| २. | ५६७/०७७-७८ | इन्जि., सिभिल, इरिगेशन | रा.प.प्रथम | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा | ४ (चार) |
| ३. | ५६८/०७७-७८ | परराष्ट्र | रा.प. द्वितीय | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा | ३ (तीन) |
| ४. | ५६९/०७७-७८ | इन्जि., इलेक्ट्रिकल, जनरल इलेक्ट्रिकल | रा.प. द्वितीय | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा | १ (एक) |
| ५. | ५७०/०७७-७८ | परराष्ट्र | रा.प.प्रथम | कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा | २ (दुई) |
| ६. | ५७१/०७७-७८ | इन्जि., सिभिल, इरिगेशन | रा.प.प्रथम | कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा | ३ (तीन) |
| ७. | ५७२/०७७-७८ | इन्जि., सिभिल, हाइड्रोपावर | रा.प.प्रथम | कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा | १ (एक) |
| ८. | ५७३/०७७-७८ | परराष्ट्र | रा.प. द्वितीय | कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा | ३ (तीन) |
| ९. | १६७०२/०७७-७८ | परराष्ट्र | रा.प.प्रथम | आ.प्र. | १ (एक) |
| १०. | १६७०३/०७७-७८ | परराष्ट्र | रा.प.प्रथम | मधेसी | १ (एक) |
| ११. | १७३४०/०७७-७८ | इन्जि., सिभिल, इरिगेशन | रा.प.प्रथम | आ.प्र. | २ (दुई) |
| १२. | १७३४१/०७७-७८ | इन्जि., सिभिल, इरिगेशन | रा.प.प्रथम | खुला | १ (एक) |
| १३. | १७३४२/०७७-७८ | इन्जि., सिभिल, हाइड्रोपावर | रा.प.प्रथम | आ.प्र. | १ (एक) |
| १४. | १६७०४/०७७-७८ | परराष्ट्र | रा.प. द्वितीय | आ.प्र. | १ (एक) |
| १५. | १६७०५/०७७-७८ | परराष्ट्र | रा.प. द्वितीय | दलित (पुनः विज्ञापन) | १ (एक) |
| १६. | १७३४३/०७७-७८ | इन्जि., इलेक्ट्रिकल, जनरल इलेक्ट्रिकल | रा.प. द्वितीय | आ.प्र. | १ (एक) |

**जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा तर्फका उम्मेदवारहरुले दरखास्त दिँदा ध्यान दिनुपर्ने विषयहरुः**

(क) निजामती सेवा ऐन, २०४९ को दफा २२ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनु पर्नेछ।

(ख) दरखास्त फाराम भर्दा निजामती किताबखानाबाट आफूले पाएको संकेत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ।

(ग) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

(घ) दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ।

(ङ) कर्मचारी समायोजन ऐन, २०७५ अनुसार संघ, प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीहरु सोही ऐनको दफा १४ को उपदफा ४ बमोजिम समायोजन हुनपूर्व बहाल रहेको सेवा/समूह/उपसमूहको एक श्रेणी वा तह माथिको पदमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्नेछन्।

(च) जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको लागि निजामती सेवा ऐन, २०४९ (चौथो संशोधन) को दफा २४ घ१क बमोजिम सम्भाव्य उम्मेदवार हुनुपर्नेछ साथै बढुवा हुने पदभन्दा एक श्रेणी मुनिको पदमा सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा एक महिना वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिमको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ।

(छ) कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाका लागि निजामती सेवा ऐन, २०४९ को दफा २१ बमोजिम बढुवाको लागि सम्भाव्य उम्मेदवार भएको हुनुपर्नेछ। निजामती सेवा ऐन, २०४९ को दफा २४क, २४ख, २४ग र २४घ अनुसारको कार्यसम्पादनको मूल्याङ्कन, ज्येष्ठता, भौगोलिक क्षेत्रमा काम गरेको अनुभव, शैक्षिक योग्यता र तालिमको मूल्यांकन निजामती सेवा ऐन, २०४९ को दफा २४ बमोजिम गणना हुनेछ। महिला, आदिवासी/जनजाति, मधेसी, दलित, अपाङ्ग र पिछडिएको क्षेत्रका उम्मेदवारको हकमा निजामती सेवा ऐन, २०४९ को दफा २१ को उपदफा (२) अनुसार हुनेछ। निजामती सेवा नियमावली, २०५० को नियम १२३ अनुसारको सेवा अवधि भएमा सो प्रमाणित भएको हुनु पर्नेछ।

(ज) दरखास्त फाराम लोक सेवा आयोगको वेबसाइट www.psc.gov.np बाट डाउनलोड गरी सम्बन्धित उम्मेदवारले एकप्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त मिति २०७७/१२/१७ सम्ममा काठमाडौं उपत्यकाको हकमा दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर र काठमाडौं उपत्यका बाहिरको हकमा आयोगका कार्यालयहरुमा बुझाई सक्नु पर्नेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन।

(झ) रा.प. प्रथम श्रेणीको लागि रु. १,५००/- (एक हजार पाँच सय) र रा.प.द्वितीय श्रेणीको लागि रु. १,२००/- (एक हजार दुई सय) दरखास्त दस्तुर बुझाउनु पर्नेछ।

**आन्तरिक प्रतियोगिता र खुला तथा समावेशी परीक्षाको लागि विशेष सूचना**

१. तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले आ.प्र., खुला तथा समावेशी तर्फ आयोगको अनलाइन दरखास्त प्रणाली psconline.psc.gov.np मार्फत् २०७७/१२/०३ र दोब्बर दस्तुर तिरी २०७७/१२/१० सम्म आवेदन दिनुपर्नेछ।

२. दरखास्त दस्तुर रा.प. प्रथम श्रेणीको लागि रु. १,५००/- (एक हजार पाँच सय) र रा.प.द्वितीय श्रेणीको लागि रु. १,२००/- (एक हजार दुई सय) बुझाउनु पर्नेछ।

३. उम्मेदवार मिति २०७७/१२/०३ सम्म २१ वर्ष उमेर पुरा भै ४५ वर्ष ननाघेको हुनु पर्नेछ। वहालवाला स्थायी निजामती कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन।

४. अनलाइन माध्यमबाट दरखास्त पेश गरिसकेपछि ढिलोमा दोब्बर दस्तुर तिरी दरखास्त दिन पाउने अन्तिम मितिको भोलिपल्ट कार्यालय समय भित्र (उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन) तोकिएको परीक्षा दस्तुर/दोब्बर दस्तुर रकम Connect IPS प्रणाली वा बैंक मार्फत अनिवार्य रुपमा बुझाइ सक्नुपर्नेछ।

५. उम्मेदवारले शैक्षिक योग्यता, तालिम, अनुभव, व्यवसाय अनुमति प्रमाणपत्र, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीको तोकिएको स्थानमा PDF Format मा अपलोड गर्नु पर्नेछ। सबै उम्मेदवारले आफ्नो नागरिकताको प्रमाणपत्रको अगाडिको भाग स्क्यान गरी JPG Format मा अपलोड गर्नु पर्नेछ। दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ।

६. लिखित परीक्षा कार्यक्रम पछि प्रकाशन गरिनेछ।

## आवश्यक न्यूनतम योग्यता

***(१) आ.प्र.को लागि:-*** राजपत्रांकित प्रथम श्रेणीको लागि निजामती सेवाको बढुवा हुने पदसँग सम्बन्धित सेवाको रा.प.द्वितीय श्रेणीको पदमा ५ वर्ष स्थायी सेवा अवधि पूरा गरेको र राजपत्रांकित द्वितीय श्रेणीको लागि राजपत्रांकित तृतीय श्रेणीको पदमा ५ वर्ष स्थायी सेवा अवधि पूरा गरेको। निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (१४क) अनुसार राजपत्रांकित द्वितीय श्रेणीको आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा बढुवा गरिने पदहरुमा सो पदका लागि तोकिए बमोजिमको सेवा अवधि र योग्यता पुगेका निजामती सेवा ऐन, २०४९, संघीय संसद सचिवालय सम्बन्धी ऐन, २०६४ र नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ बमोजिमको सेवामा कार्यरत सबै कर्मचारी सम्भाव्य उम्मेदवार हुनेछन्। तर महिला, आदिवासी/जनजाति, मधेसी, दलित, अपाङ्ग र पिछडिएको क्षेत्रमा स्थायी वसोबास भएका निजामती कर्मचारीको हकमा सो सेवा अवधिमा १ वर्ष कम भए पनि हुनेछ।

***(२) खुलाको लागि:-*** सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम दर्ता भएको संगठित संस्था वा अन्तर्राष्ट्रिय संघ, संस्थाको अधिकृतस्तरको पदमा राजपत्रांकित द्वितीय श्रेणीको पदको हकमा पाँच वर्ष र राजपत्रांकित प्रथम श्रेणीको पदको हकमा सात वर्षको अनुभव प्राप्त गरेको हुनु पर्नेछ। तर विद्यावारिधि स्तरको उपाधि प्राप्त गरेको व्यक्तिको हकमा अनुभवको अवधि दुई वर्षले कम हुनेछ।

प्रकाशक: लोक सेवा आयोग, सूचना तथा प्रकाशन शाखा
ई-मेल:: info@psc.gov.np वेभसाइट: www.psc.gov.np
टेलिफोन नं.: ०१-४७७१३५५, फ्याक्स नं. : ०१-४७७१४९० पोष्ट बक्स नं.: ८९७९, काठमाडौं २०७७/११/१२ बुधबार